नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग

## मनसुनजन्य लगायत प्राकृतिक विपत्तिबाट विद्युत आयोजनामा हुने क्षतिको विवरण उपलब्ध गराउने सम्बन्धमा जारी गरिएको सूचना ।

प्रकाशित मिति : २०८२/४/१५

श्री विद्युत आयोजनाका प्रवर्द्धकज्युहरु,

मिति २०८२/३/२६ गते मनसुनजन्य विपद्का लागि पुर्व तयारी र व्यवस्थापन सम्बन्धमा ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रीज्युको अध्यक्षतामा मन्त्रालयमा बसेको बैठकले विपद्का लागि पूर्वतयारी र व्यवस्थापन समिति गठन गरी उक्त समितिको कार्यक्षेत्रगत शर्त (TOR) मा निकायगत समिति गठन गर्ने निर्णय भए बमोजिम उक्त समितिले विद्यमान विपद पूर्व तयारीको जाँच गर्ने र मन्त्रालयगत समितिसँग कार्यगत सम्बन्ध राख्ने गरी विद्युत विकास विभागको मिति २०८२/४/११ को निर्णयानुसार विभागस्तरीय समितिको गठन गरिएको छ ।

अतः विद्युत उत्पादन तथा प्रसारण तर्फ संचालनमा रहेका तथा निर्माणाधीन आयोजनाका प्रबर्द्धकहरुलाई आयोजनाहरुमा मनसुनजन्य लगायत प्राकृतिक विपत्तिबाट हुने क्षतिको विवरण/सूचना विपत्तिका घटना घटे पश्चात यथाशिघ्र देहाय बमोजिमको ढाँचामा विद्युत विकास विभागलाई उपलब्ध गराउनुहुन सम्बन्धित सबैलाई यसै सूचना मार्फत सूचित गराइन्छ ।

आ.व. २०८२/०८३

मनसुनजन्य लगायत प्राकृतिक विपत्तिबाट आयोजनामा हुने/भएको क्षतिको विवरण उपलब्ध गराउने ढाँचा

| सि. नं. | आयोजनाको नाम र क्षमता | जिल्ला | स्वामित्व रहेको रहेको संस्था | विपत्ति पूर्वको अवस्था | क्षति भएको मिति | क्षतिको मुख्य कारण | भौतिक क्षतिको विवरण | क्षतिको अनुमानित वित्तीय लागत# | पुनःसंचालन हुन लाग्ने अनुमानित समय # | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |

# क्षतिको अनुमानित वित्तीय लागत र पुनः संचालन हुन लाग्ने अनुमानित समयको तथ्यांक तत्काल उपलब्ध गराउन समय लाग्ने भएमा प्रारम्भिक तथ्यांक उपलब्ध गराउन सकिनेछ ।